परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ५३ पृष्ठ ४ २०८२ मंसिर २८ गते, आइतबार 14 December, 2025 मूल्य रु. ५/– हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## बर्दिवास-१२ मा बालिकामाथि जबरजस्ती करणी : घटना गाउँमै मिलाउन धम्की र पैसाको प्रलोभन, आरोपित पक्राउ

टक नेपाल

बर्दिवास नगरपालिका-१२ मा १४ वर्षीया बालिकामाथि भएको जबर जस्ती करणीको घटना एक सातापछि सार्वजनिक भएको छ। गाउँमै मिलापत्र गराउने प्रयास भइरहेका बेला प्रहरीले आरोपितलाई पक्राउ गरेपछि घटना बाहिर आएको हो। पीडित बालिकाका अनुसार गत शुक्रबार विद्यालयबाट घर फर्केर खेतमा काम गर्न गएकी उनलाई छिमेकी राजेन्द्र महतोले 'म तिमीलाई माया गर्छु, पैसा दिन्छु' भन्दै जबरजस्ती करणी गरेका थिए। घटनाका बेला खे तमा मल लिएर पुगेकी आमाले छोर ीको रोएको आवाज सुनेपछि हेर्न जाँदा आरोपित महतो फरार भएका थिए। पीडितकी आमाका अनुसार घटनाको विषयमा बाहिर बताए सबैको इज्जत जाने र हल्ला गरेमा ज्यान मारिदिने धम्की दिँदै आरोपित पक्षका मानिसहरू सोही रात घरमै आएका थिए। उनले पटक-पटक प्रहरीसमक्ष जाहेरी दिन खो ज्दा पनि 'गइस् भने ज्यान लिन्छु' भन्ने धम्कीका कारण डराएर बस्नुपरेको बताइन्। घटना मिलाउन ६ लाख रुपैयाँ दिने प्रस्ताव गर्दै बाटो छेकेर छलफलमा बोलाइने र दबाब दिइने गरेको पनि पीडित पक्षको भनाइ छ।

बिहीबार दिउँसो करिब २०-२५ जनाले पीडित परिवारलाई घेरेर सहमति गर्न दबाब दिइरहेका बेला इलाका प्रहरी कार्यालय बर्दिवासको टोलीले आरोपित राजेन्द्र महतो लाई पक्राउ गरेको हो। पक्राउपछि पीडितले दिएको जाहेरीका आधारमा महतोलाई शुक्रबार तीन दिनको म्याद थप गरी हिरासतमा राखिएको महो त्तरी प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता



डीएसपी शैलेन्द्रकुमार भट्टका अनुसार पीडितलाई दबाब दिँदै मिलापत्र गराउने प्रयास भइरहेको सूचनाका आधारमा महतोलाई पक्राउ गरिएको हो। उनले पक्राउ परेका महतोलाई स्वास्थ्य जाँच गरिसकिएको र रिपोर्ट आएपछि थप कानुनी प्रक्रिया अघि बढाइने बताए।

यसैबीच, घटना गाउँमै मिलाउन बर्दिवास-१३ का वडाध्यक्ष लक्ष्मण सिंह तथा केही स्थानीय भद्रभलाद्मीको संलग्नता रहेको पीडित पक्षले आरो प लगाएको छ। वडाध्यक्ष सिंहले भने आफू घटनामा संलग्न नभएको र कुनै जानकारीसमेत नभएको दाबी गरेका छन्। सिंह बिहीबार महतो पक्राउसँगै प्रहरी कार्यालय पुगेका थिए तर उनले अन्य कामका लागि पुगेको बताए।

प्रहरीले घटनाबारे थप अनुसन्धान जारी राखेको जनाएको छ।

## पर्सामा जनमत पार्टीको शक्ति प्रदर्शन, विभिन्न दल परित्याग गरी सयौं नेताकार्यकर्ता प्रवेश




टक नेपाल

विभिन्न राजनीतिक दल परित्याग गरी पर्सा जिल्लामा आज सयौंको संख्यामा नेताकार्यकर्ता जनमत पार्टीमा प्रवेश गरेका छन्। पार्टीको नीति, विचार र नेतृत्वप्रति आकर्षित हुँदै उनीहरू जनमत पार्टीमा समाहित भएका हुन्।

पार्टी प्रवेश गर्ने प्रमुख नेताहरूमा गगन देव यादव (क्षेत्रीय अध्यक्ष-१), देव यादव (क्षेत्रीय अध्यक्ष-२), के दार पटेल (महानगर उपाध्यक्ष), लोके श कर्ण (महानगर सचिव) तथा सार दा देवी (महानगर महिला उपाध्यक्ष) रहेका छन्।

यसैगरी रेणु यादव (जीरा भवानी गाउँपालिका अध्यक्ष), विजेन्द्र यादव (वार्ड इकाई अध्यक्ष-२४), रामरति दे वी (जगरनाथपुर गाउँपालिका महिला उपाध्यक्ष), उदय यादव (अध्यक्ष, युवा जनमत संघ पर्सा), धिरेन्द्र पंजियार (वरिष्ठ उपाध्यक्ष) सहित साजन सिंह, सीकेन्द्र राम, सञ्जय सिंह, सञ्जय सर ाफ, सञ्जय साह, राजन गुप्ता तथा विशाल कुमार गुप्ताले पनि जनमत पार्टी प्रवेश गरेका छन्।

कार्यक्रममा विभिन्न पार्टीबाट आएका करिब १०० भन्दा बढी जागरूक युवा, महिला तथा सर्वसाधारणले जनमत पार्टीको संगठन विस्तारमा सक्रिय भूमिका खे ल्ने प्रतिबद्धता जनाएका छन्।

पार्टी नेतृत्वले पर्सामा जनमत पार्टीप्रतिको जनसमर्थन दिनानुदिन बढ्दै गएको दाबी गर्दै आगामी निर्वाचनमा पार्टीले बलियो उपस्थिति जनाउने विश्वास व्यक्त गरेको छ।

## राज्यको उदासीनताबीच मृत्युको जोखिम बनेको मैलवारा सडक युवाहरूको श्रमदानले मर्मत

टक नेपाल

नेपाल-भारत सीमा क्षेत्रमा अवस्थित मैलवारा सडक लामो समयदेखि जर्जर अवस्थामा रहँदै आएको थियो। सडक बिग्रँदै जाँदा दुर्घटनाको जोखिम उच्च बन्दै गए पनि सम्बन्धित सरकारी निकायले समयमै चासो नदिँदा स्थानीयवासी दैनिक रूपमा असुरक्षित यात्रा गर्न बाध्य थिए।

सरकारी उदासीनताबाट आजित बनेका स्थानीय युवाहरूले अन्ततः आफैँ पहल गर्दै सडक मर्मत गरेका छन्। सुमन, आकेश, शिवम, गणेश र अर्जुनसहितका युवाहरूको सक्रियतामा सडकको जोखिमयुक्त भागमा मर्मत कार्य गरिएको हो।

युवाहरूले श्रमदानपछि प्रतिक्रिया दिँदै भने, "यो कुनै विरोध होइन, हाम्रो सामाजिक



जिम्मेवारीको संकेत हो। सरकारले समयमै ध्यान दिएको भए आज हामीले यस्तो पहल गर्नुपने अवस्था आउने थिएन।" युवाहरूको तत्काल प्रयासले स्थानीय बासिन्दालाई राहत पुगेको छ। तर दीर्घकालीन र सुरक्षित समाधानका लागि सम्बन्धित निकायले चाँडै स्थायी मर्मत तथा सुधार कार्य अघि बढाउनुपर्ने माग स्थानीयले गरेका छन्।










पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# ऐतिहासिक सम्झौता

तीन महिनाअघि भदौ २३ र २४ गते नेपालमा भएको दुईदिने युवापुस्ता (जेनजी) को आन्दोलनले वैधता पाएको छ। जेनजी आन्दोलनको जगमा बनेको वर्तमान सरकार र जेनजी प्रतिनिधिबिच भएको १० बुँदे ऐतिहासिक सम्झौतासँगै नेपाल नयाँ चरणमा प्रवेश गरेको छ। प्रधानमन्त्री कार्यालय सिंहदरबारमा बुधबार प्रधानमन्त्री सुशीला कार्की र जेनजी अभियानका तर्फबाट सहिद परिवारका सदस्य भोजविक्रम थापाले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको छ। मुलुकको रूपान्तरणका लागि यो सम्झौता इतिहासको एउटा कोसेढुङ्गा साबित हुने छ। यो परिवर्तनलाई सम्झौताले निर्देशित गर्दै नेपाल जेनजी आन्दोलनको गुरुराष्ट्र बनेको छ। देशमा व्याप्त भ्रष्टाचार, कुशासन, दण्डहीनता, भेदभाव, बहिष्करण तथा आर्थिक, सामाजिक असमानता र अन्याय जस्ता संरचनात्मक कारणबाट सिर्जित द्वन्द्वको समयमै सम्बोधन भएन। त्यसैबाट उत्पन्न आमवितृष्णा र निराशाले जेनजीको नेतृत्वमा भदौ २३ र २४ गते भएको राजनीतिक, सामाजिक जनआन्दोलन निम्त्याएको वास्तविकतालाई स्वीकार गरिएको छ। सम्झौतापत्रमा सहिद र घाइतेको त्याग तथा बलिदानलाई सम्मान, न्याय तथा अर्थपूर्ण स्मृतीकरणसहितको परिपूरण गरिने र आन्दोलनका क्रममा तत्कालीन सरकारको दमन र व्यापक हिंसाका घटनामा सहादत प्राप्त गरेका व्यक्तिलाई सहिद घोषणा गर्ने, सहिद परिवारको माग र भावनाको यथाशीघ्र सम्बोधन गर्ने व्यवस्था गरिने छ। त्यस्तै सहिद परिवार र घाइतेको माग अनुरूप सदाचार तथा सुशासन प्रवर्धन, भ्रष्टाचार निवारण तथा दण्डहीनता अन्त्य गर्न स्थायी प्रकृतिको आयोग गठन हुने छ। सम्झौता अनुसार उच्चस्तरीय कार्यदल गठन गरी अन्तरिम राहत, क्षतिपूर्ति, निःशुल्क स्वास्थ्य उपचार तथा मनोसामाजिक परामर्श, निःशुल्क शिक्षा, रोजगारी, सामाजिक सुरक्षा एवं अर्थपूर्ण स्मृतीकरणको परिपूरणीय व्यवस्था सुनिश्चित गरिने छ।

भदौ २३ र २४ का घटनाको अनुसन्धान, अभियोजन र पुनरावृत्ति हुन नदिन आवश्यक संस्थागत सुधार गरिने छ। उक्त घटना सम्बन्धमा बनेको जाँचबुझ आयोगलाई गैरन्यायिक हत्या, मानव अधिकार उल्लङ्घनसम्बन्धी आरोपको बिनाविभेद छानबिन गरी सत्यतथ्य खोज गरी फौजदारी जवाफदेहिता वहन गर्न सिफारिस गरिने छ। जाँचबुझ, सत्य निरूपण तथा मेलमिलापको मान्यतालाई ध्यानमा राख्ने तथा जेनजी आन्दोलनका क्रममा भएका घटना र अन्य व्यक्ति वा समूहले आपराधिक मनसायका साथ सुनियोजित तथा सङ्गठित तरिकाले गरेका हिंसात्मक कार्यको भेदलाई पूर्वाग्रहरहित रूपमा छुट्याई छानबिन गरी प्रतिवेदन पेस गर्न आयोगलाई कार्यादेश दिइने छ। अन्यायपूर्ण तथा गैरकानुनी बल प्रयोगसम्बन्धी घटनाको आवश्यक जाँचबुझ गरी भविष्यमा यस्ता घटनाको पुनरावृत्ति हुनबाट रोक्न संस्थागत सुधारका उपायको अध्ययन तथा सिफारिस गर्न छुट्टै संयन्त्र गठन गर्ने र त्यसको सिफारिस कार्यान्वयन गरिने छ। राजनीतिक तथा नीतिगत भ्रष्टाचार, सार्वजनिक संस्थाको दलीयकरण र दलीय भागबन्डाका आधारमा गरिने नियुक्तिको अन्त्य गरिने छ। सार्वजनिक पदधारण गरेका व्यक्ति तथा राजनीतिक दलले आफ्ना नेताको नाममा सार्वजनिक जग्गा, सम्पत्ति र बजेटको प्रयोग गरी देशभर सञ्चालन गरेका प्रतिष्ठान, कोष, टस्ट, परिषद्, केन्द्र जस्ता निकायको कार्य तथा आर्थिक गतिविधि छानबिन गरी सम्बन्धित संस्थाले सार्वजनिक हित र उद्देश्यविपरीत वा गैरकानुनी गतिविधि गरेको पाइएमा यस्ता निकाय खारेज गरी सम्पत्ति राष्ट्रियकरण गरिने छ।

हरेक तहका निर्वाचन स्वतन्त्र बनाउन प्राथमिकताका साथ आवश्यक कानुनी, प्राविधिक तथा संस्थागत पूर्वाधार विकास गरी कार्यान्वयन गरिने छ। उम्मेदवारले मनोनयन दर्ता गर्दा सम्पत्ति विवरण बुझाउनुपर्ने र खर्च पारदर्शी बनाउन कानुन संशोधन गरिने, दलको स्रोत नखुलेको सम्पत्ति राष्ट्रियकरण गरी दोषीलाई कारबाही गर्न कानुनी प्रबन्ध गरिने छ। सुशासन र संविधानको प्रभावकारी कार्यान्वयन गर्न उच्चस्तरीय 'संविधान संशोधन सुझाव आयोग' गठन गरिने छ।




# मधेशी समुदायको 'थर' कार्यान्वयनमा आएन !




मधेसी सुमदायको थर सूचीकरण गरेपनि सरकारले हालसम्म पनि मधेसी आयोगले कार्यान्वयमा ल्याएको छैन। आयोगले मधेसी समुदायको थर सूचीकरण बारे अध्ययन गरी २०७९ सालमै प्रतिवेदन बुझाएको थियो। तर मन्त्रिपरिषद्ले पास गरी राजपत्रमा प्रकाशित नगर्दा हालसम्म कार्यान्वयनमा आउन सकेको छैन।

जेनजी आन्दोलनपछि बनेको सरकारका अर्थमन्त्री समेत रहेका सामान्य प्रशासन मन्त्री रामेश्वर खनाललाई सूचीकरणबारे जानकारी गराएपनि कुनै चासो नलिइएको आयोगका कार्यवाहक अध्यक्ष जीवछ साहले बताएका छन्। 'सरकारलाई सूची बुझाएदेखि नै पटक-पटक ताकेता गर्दै आएका छौं, तर अहिलेसम्म कुनै जवाफ दिएको छैन,' उनले भने, 'सुरुमा अन्य केही डकुमेन्ट माग गरेको थियो, हामी त्यो बुझायौं। त्यसपछि के भयो अहिलेसम्म जानकारी दिएको छैन।' मधेसी आयोगले नेपालमा १ सय ५१ वटा मधेसी समुदायका थर सूचीकृत गरेको छ। जबकि राष्ट्रिय तथ्यांक विभागले ९२ वटा थर मात्र रहेको उल्लेख गरेको छ।

सरकारले राखेको सूचीमा ५९ वटा थर समावेश नरहेको आयोगको भनाइ छ। सरकारको सूचीमा रहेका थारु र मुस्लिम समुदाय मधेसी समुदायको थर सूचीकरणमा छैन। थारु र मुस्लिमले आफूलाई मधेसी नमानेका कारण मधेसीको थरमा त्यसलाई समावेश नगरिएको आयोगले जनाएको छ। आयोगका एक सदस्य अनुसार राष्ट्रिय तथ्यांक विभागको तथ्यांक र आयोगको तथ्यांक फरक परेका कारण सरकारले मधेसीको थर सूचीकरणलाई कार्यान्वयनमा ल्याएको छैन।

सरकारको तथ्यांकमा ९२ वटा मात्र जात थर छन्, तर आयोगले १ सय ५१ वटा देखाएपछि विवाद हुने डरले त्यसलाई कार्यान्वयनमा नल्याएको हुनसक्ने आयोगले आशंका गरेको छ। अध्यक्ष साहले भने, 'यदि त्यस्तो हो भने हामी सूचीकरण गरेका सबै थरको प्रमाण दिनसक्छौं।' मधेसी समुदायका थर सूचीकृत नहुँदा आरक्षण तथा समावेशीका लागि समस्या भइरहेको आयोगले जनाएको छ। नेपालमा यस्ता धेरै मधेसी छन्, जो पहिचान नभएका कारण आरक्षण तथा समावेशी कोटाबाट वञ्चित हुने गरेको आयोगले जनाएको छ। मधेसी समुदायको स्पष्ट पहिचान र थर सूचीकृत हुन नसक्दा मधेसी समुदायका व्यक्तिले राज्यले मधेसी समुदायलाई भनेर दिएको सुविधा उपभोग गर्नबाट वञ्चित रहेको आयोगले जनाएको छ। २०६८ सालको जनगणनामा मधेसी समुदाय अन्तर्गत पर्ने केही जातिको नाम नै उल्लेख थिएन। तर २०७८ को जनगणनामा छुट भएकाहरुलाई समावेश गरी ९२ जातिको सूची तयार गरिएको हो।

## शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनि(वार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,





- बालबालिका, वृद्ध–वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

गौशाला नगरपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल

## एमाले महाधिवेशन : खेतीपाती छाडेर भाषण सुन्न भक्तपुरमा



● टक नेपाल

नेकपा एमालेको ११ औं महाधिवेशनमा सहभागी हुन जिल्ला-जिल्लाबाट बिहानै कार्यकर्ताहरू भक्तपुर आइपुगेका छन् । खेतीपाती छाडेर गाडी रिजर्भ गरी बिहान महाधिवेशनस्थल सल्लाघारी आइपुगेकाहरुले आजै घर फर्किने बताएका छन् ।

एमाले महाधिवेशनको उदघाटन समारोहमा सहभागी हुन सिरहाका ७५ वर्षीय सर्जुक दास बिहान ५ बजे भक्तपुर सल्लाघारी आइपुगे । गाडी रिजर्भ गरेर उनीसहित १६० जनाको टोली सल्लाघारी आइपुगेको थियो ।

किन आएको भन्ने अनलाइनखबरको प्रश्नमा उनले भने, 'खेतीपातीको काम छोडेर पार्टीको सभामा आएको हुँ । टोलको सबै जाने भनेर आएको ।'

एमाले महाधिवेशनका लागि भनेर बिहानै भक्तपुर आइपुगेकाहरु जाडोले लुगलुग काँपीरहेका थिए । ७० वर्षीया लरवती मण्डल पनि टोली नेताको आग्रहमा भक्तपुर आएकी छन् । 'सभा हेर्न आएको हुँ, रातभर चिसोले हान्यो,' उनले भनिन् ।

अर्का ६५ वर्षीय चुलाहब पण्डित पनि सिराहाबाट आफ्नै खर्चमा भक्तपुर आएको आएको बताउँछन् । 'हिजो दिउँसो ३ बजे हिँडेको । बिहान यहाँ झरेको,' उनले सुनाए, 'कार्यक्रम सकिएपछि त्यही रिजर्भ गाडीमा फर्किने हो ।'

४० वर्षीया मञ्जुदेवी साहले वडाका नेताले बोलाएपछि भक्तपुर आएको बताइन् । 'नेताले भनेर आएकी हुँ,' उनले भनिन्, 'नेताको भाषण सुन्न आएको हो ।'

यो टोलीको नेतृत्व गरेर आएका वडाका एमाले नेता हुन्- महेशकुमार साह । 'खेतीको सिजन हो । सबै काम छोडेर आएको,' उनले भने, 'पार्टीप्रति बफादार भएर आएका हुन् ।'

एमालेको सिराहा जिल्ला कमिटी सचिवालय सदस्य रामकिसुन यादव पनि आफ्नै खर्चमा महाधिवेशनका लागि आएको बताउँछन् । 'खल्ती-खल्तीबाट पैसा खर्च गरेर आएका हौं । सभा सकेर घर फर्किने,' उनले भने ।

नवलपुरबाट पनि ३० जनाको टोली आज (शनिबार) बिहान भक्तपुर आइपुगेको छ । 'हिजो बिहान ९ बजे हिँडेको । आज बिहान ६ बजे आइपुग्यौं,' रमिमाया रूतालले भनिन् ।

धनुषाको मिथिला नगरपालिकाबाट बिहान ४० जनाको टोली आइपुगेको छ । 'हामी समर्थक हौं । जुलुस, सभा छ भनेर कमिटीले ल्याएको हो,' ५८ वर्षीय तिमलाल महतोले भने, 'आज बेलुका फर्किने हो ।'

चितवनको कालिका नगरपालिका-५ देखि नाति बोकेर आएका छन्, सीताराम चौधरी । रातभरको मङ्सिरे चिसो छिचोल्दै एकाबिहानै एमाले महाधिवेशनस्थल आइपुगेका हुन् उनी ।

५७ वर्षीय चौधरी एक्लै छैनन्, ६ वर्षीय नाति पनि साथै ल्याएका छन् । घरमा हजुरआमा एक्लै रहेकाले आफूले नै ल्याउनु उचित ठानेर नाति बोकेर आएको चौधरीले सुनाए ।

'नातीले मलाई छोड्दैन । म बाहेकसँग मान्दैन पनि । अनि ल्याउनै पर्‍यो,' उनले नाति महाधिवेशनमा ल्याउनुको कारण सुनाउँदै भने, 'फेरि आफूले माया गरेको पार्टीले यत्रो कार्यक्रम गर्दा नआई बस्न पनि मन लागेन ।'

६ वर्षीय योगेश कुमाल उनका छोरीपट्टीका नाति हुन् । आफूलाई राजनीतिक माहोलले गर्माए पनि नातिलाई चिसो नलागोस् भन्नेमा चौधरी सचेत छन् ।

तर, चौधरीलाई राजनीतिक रूपमा पनि सकस छ । उनका जिल्ला र क्षेत्रका नेताहरू यस महाधिवेशनमा ओली जिताउनुपर्छ भनेर लागिपरेका छन् । चौधरीलाई पनि सोहीअनुसार बोल्नुपर्ने बाध्यता छ ।

# लुम्बिनी एनपीएल च्याम्पियन

● टक नेपाल

लुम्बिनी लायन्स नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको दोस्रो सिजनको विजेता बनेको छ । त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदान कीर्तिपुरमा शनिबार फाइनलमा विपक्षी सुदूरपश्चिम रोयल्सलाई कुनै मौका नदिएको लुम्बिनीले ६ विकेटको विजय निकाल्यो ।

कप्तान रोहित पौडेलले ह्याट्रिक विकेट लिएपछि टस जितेर ब्याटिङ्मा आएको सुदूरपश्चिम १९.१ ओभरमा ८५ रनमै अलआउट भयो । सुदूरपश्चिम एनपीएलमा पहिलो पटक १ सय रन कटाउन असफल रह्यो । एनपीएल इतिहासमा पहिला ब्याटिङ गरेको टोलीले बनाएको यो सबैभन्दा कम स्कोर हो ।



दिनेश अधिकारीले पहिलो ओभरमै ४ छक्का प्रहार गरेपछि लुम्बिनीले एकतर्फी फाइनलमा ९ ओभरमै लक्ष्य पूरा गर्‍यो । लुम्बिनी पहिलो पटक विजेता बनेको हो । सुदूरपश्चिम लगातार दोस्रो वर्ष फाइनलमा पराजित भएको हो । गत वर्ष पनि टोली फाइनलमा जनकपुर बोल्ट्ससँग पराजित भएको थियो ।

लुम्बिनीले लगातार खेल ६ जित्दै उपाधि जितेको हो । यसका साथै लुम्बिनीले सुदूरपश्चिमको लगातार ६ खेल जितेको कीर्तिमान बराबरी गरेको छ। एनपीएल सिजन २ को सुरुआत सुदूरपश्चिमले लगातार ६ खेल जितेर गरेको थियो। तर सातौँ खेलमा टोली विराटनगर किंग्ससँग पराजित भएको थियो । त्यही विराटनगरलाई क्वालिफायर १ मा पराजित गरी सुदूरपश्चिम फाइनल पुगेको थियो ।

लुम्बिनीले लिगचरणको अन्तिम ३ खेल जितेर प्लेअफमा स्थान बनाएको थियो । त्यसपछि टोलीले इलिमिनेटरमा काठमान्डु गोर्खाजलाई क्वालिफायर २ मा विराटनगरलाई पराजित गर्दै फाइनल यात्रा तय गरेको थियो ।

लिग चरणमा सुदूरपश्चिमले लुम्बिनीलाई ७ विकेटले पराजित गरेको थियो । गत वर्ष पनि सुदूरपश्चिमले लुम्बिनीमाथि ४५ रनको सहज निकालेको थियो । गत वर्ष लुम्बिनी ७ खेलमा ६ पराजय भोगी पुछारमा रहेको थियो ।

दिनेशले पहिलो ओभरमै सुदूरपश्चिमका कप्तान दीपेन्द्रसिंह ऐरीलाई ४ छक्का प्रहार गरेपछि लुम्बिनीले २७ रन जोडेको थियो । दिनेश र डी'आरसी शटले ४ ओभरमै ५८ रन जोडेर लुम्बिनीलाई तुफानी सुरुआत दिलाएका थिए ।

शट १३ बल खेली १४ रनमा आउट भए । ३ चौका प्रहार गरेका उनलाई हेमन्त धामीले आउट गरे । हेमन्तले सोही ओभरमा दिनेशलाई पनि आउट गरे । दिनेशले १३ बलमै ४२ रन बनाए । उनले ५ छक्का र १ चौका प्रहार गरे ।

रोहित १२ बलमा १६ रनन बनाएर आउट भए । उनले २ चौका र १ छक्का प्रहार गरेका थिए ।

निरोशान डिकवेला ११ रन बनाई अविजितत रहे । सन्दीप जोरा स्कोर बराबर भएको समयमा शून्यमा आउट भएपछि दीलिप नाथले विजयी रन प्रहार गरे ।

### सर्लाहीको चुरेवर्ती क्षेत्रमा साँढे
## ३ बिघा अवैध गाँजा खेती नष्ट



सर्लाहीको ईश्वरपुर नगरपालिका-१२, पिपलदमार स्थित चुरेवर्ती क्षेत्रमा सुरक्षा निकायले ठुलो परिमाणमा लगाइएको अवैध गाँजा खेती नष्ट गरेको छ । नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले बाँके खोलै खोला हुँदै सिन्धुली नजिकको दुर्गम चुरेवर्ती भूभागमा पुगेका करिब साँढे ३ बिघा क्षेत्रफलमा लगाइएको गाँजा खेती पूर्ण रूपमा नष्ट गरेको जनाएको छ ।

उक्त क्षेत्रमा अन्य कृषि बाली उत्पादन राम्रो नहुने भएकाले स्थानीयले आय-आर्जनका लागि लामो समयदेखि लुकीछिपी गाँजा खेती गर्दै आएको बताइएको छ । यद्यपि, स्थानीयका लागि यो सहज आम्दानीको माध्यम भए पनि नेपालको प्रचलित कानुनले गाँजा खेतीलाई पूर्ण रूपमा अवैधानिक मानेकाले प्रहरीले निरन्तर निगरानीसहित कारबाही जारी राख्दै आएको छ । सुरक्षा निकायले सो क्षेत्रका अन्य सम्भावित अवैध खेती तथा आपराधिक क्रियाकलाप नियन्त्रणका लागि निगरानी थप कडा गर्ने जनाएको छ ।

Pan No. 121584733
DDA No. 3780432055942
9705446882, 9705446883
खुशी मेडिकल हल
बर्दिवास-२, महोत्तरी
औषधी पसल
यहाँ सबै प्रकारका औषधी सुपथ मुल्यमा पाउनुका साथै २४ घण्टा फार्मेसी तथा ल्याब सेवा उपलब्ध छ ।

शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,





- बालबालिका, वृद्ध–वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

बर्दिवास नगरपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल

# समयमै काम नसक्ने व्यवसायीसँग निर्माण ठेक्का तोडिन्छ: मन्त्री घिसिङ



टक नेपाल

भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास एवं ऊर्जामन्त्री कुलमान घिसिङले समयमै पूर्वाधार निमार्ण सम्पन्न नगरे निर्माण कम्पनीको ठेकेदारसँग ठेक्का तोड्ने चेतावनी दिएका छन्। शुक्रबार रौतहटको चन्द्रपुर नगर पालिका-३ स्थित चाँदीनदीमा रहेको अलपत्र पुलको अनुगमन गर्दै उनले ठेकेदारले निर्धारित समयमा काम सक्नुपर्नेमा जोड दिए ।


मन्त्री घिसिङले ठेकेदार दयाराम साहलाई अनुगमनस्थलमा बोलाएर यथाशीघ्र अलपत्र पुलको काम सम्पन्न गर्न निदेशन दिए । ठेकेदार साहले जेठभित्र कुनै पनि हालतमा काम सम्पन्न गर्ने प्रतिबद्धता जनाएपछि मन्त्री घिसिङले यदी काम गर्न नसक्ने हो भने ठेक्का तोड्ने दिने चेतावनी दिए ।

ठेकेदार साहले पुलको करिब ७५ प्रतिशत काम सम्पन्न भइसकेको जनाउँदै बाँकी आगामी जेठभित्र बाँकी काम गर्ने प्रतिबद्धता जनाए । पुल निर्माण गर्न पप्पु शिवशङ्कर जेभीले २०७४ असार ३१ गते २५ करोड ३६ लाख २४ हजारमा सम्झौता गरेको थियो । पुल सम्पन्न नहुँदा गैडाटार वासीले सास्ती खेप्दै आइरहेका छन् ।

मन्त्री घिसिङले हुलाकी राजमार्गअन्तर्गत रौतहट र सर्लाही जोड्ने गरी बागमती नदीमा बनाउन लागिएको बडहर्वा पुलको पनि अनुगमन गर्नुभयो । दुर्गा भगवती गाउँपालिका-५ बडहर्वास्थित बागमती नदीमा निर्माणाधीन पुल १५ वर्षदेखि अलपत्र छ ।

विसं २०६७ मा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाल तथा भौतिक निर्माण तथा यातायातमन्त्री विजयकुमार गच्छदारले संयुक्त रूपमा उक्त पुलको शिलान्यास गर्नुभएको थिए । उक्त पुल निर्माण हुन नसक्नुको कारणबारे आफूले छानबिन गर्ने मन्त्री घिसिङले बताए । विकासको मुख्य आधार भनेको पुल भएकाले यस्ता पूर्वाधार निर्माण र विकास रोक्न नहुने उनले धारणा राखे ।

पूर्वाधार निर्माणको अनुगमनसँगै मन्त्री घिसिङले शुक्रबार नै धार्मिक पर्यटकीय क्षेत्रको रूपमा रहेको रौतहटको शिवनगरस्थित शिव मन्दिरको अवलोकन गरेका छन् । बिहान उनले रौतहटको चन्द्रपुर-८ मर्धरमा 'जन्मदिनलाई सतकर्ममा जोडौँ' भन्ने अभियानअन्तर्गत वृक्षरोपण जन्मोत्सव कार्यक्रमको उदघाटनसमेत गरेका थिए ।




# बर्दिबास साहित्यिक-सांस्कृतिक प्रतिष्ठानको ७५औँ (हीरक) अङ्क भव्य रूपमा सम्पन्न

जीवनराज दाहाल/मिथलेश सिंह




बर्दिबास साहित्यिक-सांस्कृतिक प्रतिष्ठानको ७५औँ शृखला (हीरक अङ्क) तथा चौथो भेला मिति २०८२ साल मंसिर २७ गते शनिबार बर्दिबासमा भव्य रूपमा सम्पन्न भएको छ। कार्यक्रम प्रतिष्ठानका अध्यक्ष रामचन्द्र पौडेलको अध्यक्षता तथा बर्दिबास नगरपालिका संस्कृति तथा पर्यटन प्रवर्द्धन समितिका अध्यक्ष हिरा गौतमको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो।

कार्यक्रम दुई चरणमा सम्पन्न भयो। पहिलो चरणमा नियमित साहित्यिक शृखला र दोस्रो चरणमा बन्दसत्र (भेला) आयोजना गरिएको थियो। प्रतिष्ठानका सचिव यशोदा श्रेष्ठले ७५औँ शृखलाको सञ्चालन गरेकी थिइन् भने उपाध्यक्ष जीवनस्पर्शीले स्वागत मन्तव्य राखेका थिए।

प्रमुख अतिथि हिरा गौतमले ७५ अङ्क अंकित दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गरेका थिए। कार्यक्रममा प्रगतिशील लेखक सङ्घ नेपाल मधेश प्रदेश अध्यक्ष नारायण घिमिरे, बर्दिबास उद्योग वाणिज्य सङ्घका अध्यक्ष विष्णु खड्का, बर्दिबास मेडिकल कलेज पूर्वाधार निर्माण आयोजना प्रमुख निर्मल घिमिरे, जनवादी लेखक सङ्घ सितामढी (भारत) का कोषाध्यक्ष मोहमद कामरुदिन नदाफलगायतले शुभकामना मन्तव्य दिएका थिए।

कार्यक्रममा बुद्यौली साहित्य समाज धनुषाका अध्यक्ष नानीराम दहाल, कमला साहित्य समाज धनुषाका अध्यक्ष गणेश तिमिल्सिना, प्रलेस नेपाल केन्द्रीय सदस्य विमला वि.क., लेखनाथ स्मृति सदन महोत्तरीका अध्यक्ष जनक पौडेल, जनता बहुमुखी क्याम्पस व्यवस्थापन समिति सदस्य हेमसागर वाग्ले, प्रलेस नेपाल धनुषा जिल्ला अध्यक्ष गणेश घिमिरे, साहित्यकार मदन प्रभात, लिलानाथ गौतम, दिनेश पौडेल, सर्लाही साहित्य समाजकी सचिव सुमित्रा आचार्य, मिथिला साहित्य प्रतिष्ठान धनुषाका सचिव निरप्रसाद शर्मा, मूर्तिकार गोविन्द खड्का, लायन्स क्लब महोत्तरीका निर्वतमान अध्यक्ष दीपक महतो, पत्रकार सुनिता बराल र विशाल बस्नेत, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान महोत्तरीका अध्यक्ष बेलबहादुर परियारलगायतको उपस्थिति रहेको थियो।

कार्यक्रममा कविता, गीत, गजल तथा मुक्तक वाचन गरिएको थियो । रचना प्रस्तुत गर्नेहरूमा केदार गौतम, लिलानाथ गौतम, पूर्ण परियार, समीक्षा परियार, सपना परियार, उद्धव आचार्य 'अविचल', गणेश तिमिल्सिना, नारायण घिमिरे, जनक प्रसाद पौडेल, मोहमद कामरुदिन नदाफ, सुमित्रा आचार्य, धन नारायण श्रेष्ठ, नानीराम दहाल, निरप्रसाद शर्मा, राजेश भण्डारीलगायत रहेका थिए। शून्य समयमा जनता बहुमुखी क्याम्पसका विद्यार्थीहरूले पनि रचना प्रस्तुत गरेका थिए । सारङ्गीवादक सुमन सारङ्गीको प्रस्तुतिले कार्यक्रमलाई थप रोचक बनाएको थियो भने समीक्षा परियारको गायनले बालबालिकामा उत्साह थपेको थियो।

कार्यक्रममा बोल्दै अतिथि विष्णु खड्काले महोत्तरी जिल्लाबाट सुरु भएर मधेश प्रदेशभर सक्रिय रहेको प्रतिष्ठानको प्रशंसा गर्दै आगामी दिनमा अझ प्रभावकारी ढङ्गले अघि बढ्न शुभकामना व्यक्त गरे। अतिथि निर्मल घिमिरेले प्रतिष्ठानले निरन्तर मासिक कार्यक्रम गर्दै आएको उल्लेख गर्दै यसको निरन्तरताप्रति विश्वास व्यक्त गरे।

कार्यक्रमका विशिष्ट अतिथि कवि तथा गजलकार पुरुषोत्तम आचार्यले कार्यक्रमको सुरु, बीच र अन्त्यमा गरी तीन पटक आफ्नो रचना प्रस्तुत गरेका थिए। उनका रचना र सुमधुर स्वरले उपस्थित श्रोतालाई मन्त्रमुग्ध बनाएको थियो।

प्रमुख अतिथि हिरा गौतमले २०७४ सालमा स्थापना भएर निरन्तर सक्रिय रहेको यस संस्थाले समाजमा चेतना फैलाउन महत्वपूर्ण भूमिका खेलेको उल्लेख गरे। उनले साहित्यले अनुशासन र समाज परिवर्तनमा योगदान दिने बताउँदै नगर पर्यटन प्रवर्द्धन कोषबाट वार्षिक एक लाख रुपैयाँको अक्षयकोष स्थापना गर्ने प्रतिबद्धता व्यक्त गरे। साथै उनले व्यक्तिगत रूपमा पनि सहयोग गने प्रतिबद्धता जनाए।

कार्यक्रमको अन्त्यमा सभाध्यक्ष रामचन्द्र पौडेलले ७५औँ (हीरक) अङ्क विशेष शृखलामा सहभागी सबै प्रति धन्यवाद ज्ञापन गरे। उनले २०७५ साल भदौ ९ गतेबाट सुरु भएको शृखला २०८२ साल मंसिरमा ७५औँ अङ्कमा पुग्नुमा साहित्य अनुरागीहरूको साथ, सहयोग र समर्पण प्रमुख कारण रहेको उल्लेख गर्दै आगामी दिनमा पनि यस्तै सहयोगको अपेक्षा व्यक्त गरे। साथै कार्यक्रमका लागि हल उपलब्ध गराउने दीपक पार्टी प्यालेस बर्दिबासका सञ्चालक दीपक महतोप्रति आभार व्यक्त गरे।

दोस्रो चरणमा सम्पन्न बन्दसत्रमा अध्यक्ष रामचन्द्र पौडेलले कार्यकालको प्रतिवेदन प्रस्तुत गर्दै पुरानो समिति विघटन गरे। त्यसपछि सर्वसम्मत रूपमा नयाँ समिति गठन गरिएको छ।

**नवगठित समितिमा**
**अध्यक्ष**: यशोदा श्रेष्ठ
**उपाध्यक्ष**: केदार गौतम
**सचिव**: पवन वाग्ले
**सहसचिव**: जीवनराज दाहाल
**कोषाध्यक्ष**: विमला वि.क.
**सदस्यहरू**: किशोर कुमार अधिकारी, जीवनस्पर्शी, प्रविण पौडेल

रहेका छन्। बाँकी सदस्यहरू समितिको पूर्ण बैठकबाट चयन गरिने जनाइएको छ।

त्यसैगरी विभागीय जिम्मेवारी अन्तर्गत काव्य विभाग संयोजक रामचन्द्र पौडेल, खोज तथा अनुसन्धान विभाग संयोजक जीवनस्पर्शी, आख्यान विभाग संयोजक लिलानाथ गौतम तथा प्रचारप्रसार विभाग संयोजक जीवनराज दाहाल तोकिएका छन्। बाँकी विभागहरूको गठन पूर्ण बैठकबाट गरिने बताइएको छ।

कार्यक्रमको अन्त्यमा निर्वतमान अध्यक्ष रामचन्द्र पौडेलले नवगठित समितिका अध्यक्ष यशोदा श्रेष्ठसहित सम्पूर्ण पदाधिकारी तथा सदस्यहरूलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरे।




बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014